Govt. Regd. No. 118/2049/050 Responsible Civil Society SWC Affiliation No. 1149/20

जानकी महिला जागरण समाज
Janaki Women Awareness Society (JWAS)
G.P.O. Box: 6, Dhanusha, Janakpurdham, Nep
Tel.: 041-523576, Fax: 520736, E-mail: jwas@ntc.net.n
Kathmandu Office : 01-4423657, Lajimpat, Kathmandu

चं नं: ११८।२०८२।८३

मिति: २०८२।१०।०४ गते

**श्री प्र.प्र.अ. ज्यू,**

**शहिदनगर नगरपालिका, धनुषा**

शहीदनगर नगरपालिका
दर्ता नं. १२४३
मिति : ०८२/१०/४

श्री सूचना शाखा
अपलोड गरिदिनु होला

**विषय: YEEP Phase–II अन्तर्गत व्यवसायिक सीप विकास तालिमका लागि आवेदन म्याद थप गरिदिनुहुन निवेदन**

महोदय,

उपरोक्त विषयमा यस स्थानीय तहसँग समन्वय गरी YEEP Phase–II अन्तर्गत व्यवसायिक सीप विकास तालिम सञ्चालनका लागि सूचना प्रकाशन गरिएकोमा, तोकिएको सूचना अवधिभित्र सहभागी हुन चाहने आवेदकहरूको न्यून सङ्ख्यामा मात्र आवेदन प्राप्त भएको व्यहोरा अनुरोधपूर्वक अवगत गराउन चाहन्छौं।

यस कारणले लक्षित समूहका बढीभन्दा बढी युवायुवतीहरूको सहभागिता सुनिश्चित गर्न आवेदन दिने म्याद थप १० (दस) दिनका लागि, अर्थात् मिति २०८२/१०/०५ देखि २०८२/१०/१४ सम्म विस्तार गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं।

म्याद थप भएमा कार्यक्रमको उद्देश्यअनुसार समावेशी र प्रभावकारी सहभागिता सुनिश्चित हुने विश्वास लिएका छौं। यस विषयमा आवश्यक सहजीकरणका लागि यहाँको सकारात्मक निर्णयको अपेक्षा गर्दछौं।

शुभेच्छा सहित,

Bishal

Janaki Women Awareness Society, Dhanusha, Janakpurdham

विशाल कुमार कर्ण
कार्यक्रम संयोजक, जानकी महिला जागरण समाज (JWAS)

शहीदनगर नगरपालिका
Shahidnagar Municipality

# नगर कार्यपालिकाको कार्यालय

## Office of the Municipal Executive

यदुकुहा, धनुषा
Yadukuha, Dhanusha

पत्र संख्या :- २०८२/०८३
चलानी नं.:-

मधेश प्रदेश, नेपाल (Madhesh Province, Nepal)

मिती २०८२।०९।२५

**विषय सिपमुलक तालिमका लागि आवेदन दिने सम्वन्धि सुचना।**

प्लान ईन्टरनेशनल नेपाल र जानकी महिला जागरण समाज (JWAS) को संयुक्त साझेदारी तथा यस शहिदनगर नगरपालिकासँगको समन्वयमा YEEP दोश्रो चरणकोलागी प्लान प्रायोजित परिवारहरुलाई (प्लान परिवार) लक्षित गरी ३५ जना (कम्तिमा ७० % युवा महिला हुने गरी) युवा महिला तथा पुरुषहरुलाइलाई रोजगार तथा स्वरोजगार वनाउने उद्देश्यले तपसिलमा उल्लेखित विषयमा निशूल्क जीवनउपयोगी सीप र व्यवसायिक सीप विकास तालिम संचलान गरिने र आफैं व्यवसाय गर्न चाहनेहरुका लागि शुरुवाती सामग्री (स्टार्टअप) सहयोग गरिने भएको हुँदा यस पालिकामा स्थायी रुपमा वसोवास गर्ने १८ देखि २४ वर्ष उमेर समूहका युवा महिला तथा पुरुषहरुले यो सुचना प्रकाशित भएको मितिले १० दिन भित्र आफूले सिक्न चाहेको तल उल्लेखित रोजगारमूलक सीप तालिम उल्लेख गरी यस पालिकाकाको रोजगार शाखा/उद्यम विकास शाखामा यसै सूचनाको साथ संलग्न फारम ढाँचामा निवेदन पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु:**

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि वा नागरिकताको प्रतिलिपी पछि पेश गर्ने भएमा जन्म मिति र नाम खुल्ने जन्मदर्ता अथवा जन्म सिफारिस पत्र आदि।

२. तोकिएको ढांचा अनुसारको दरखास्त फाराम

**संचालन गरिने केही तालिमहरुको विवरण:**

| S.N. | रोजगार तथा स्वरोजगारमूलक सिपहरु | |
|---|---|---|
| 1 | 190 hours Heavy Equipment Operator (Excavator and Backhoe) | महिला र पुरुष दुवै |
| 2 | 390 hours Junior Accountant | ७०% अनिवार्य महिला |
| 3 | 390 hours Assistant Beautician | ७०% अनिवार्य महिला |
| 4 | 390 hours Fast Food Cook | ७०% अनिवार्य महिला |
| 5 | 390 hours Refrigeration and Air Condition Technician | महिला र पुरुष दुवै |
| 6 | 390 hours Fashion Designing | ७०% अनिवार्य महिला |
| 7 | 390 hours Sales Person | ७०% अनिवार्य महिला |
| 8 | 190 hours Tempo Driver (Electric and Petrol) | महिला मात्र |

**पूनश्च:**

- यस पालिका अन्तर्गत परेका आवेदनहरुवाट प्लान इन्टरनेशलन नेपालको प्रायोजित परिवारहरुलाई (प्लान परिवार) लक्षित गरी ३५ जना (कम्तिमा ७० % युवा महिला हुने गरी) लाई मात्र छनैाट गर्न सकिनेछ। यसरी छनौट गर्दा पालिकासँग भएको छनौटको मापदण्डलाई आधार वनाइनेछ।



CamScanner

पत्र संख्या :- २०८२/०८३
चलानी नं.:-

- माथि उल्लेखित विषयगत तालिमहरु सञ्चालन कठिन हुन गएमा आवश्यकता अनुसार विकल्प छान्नु पर्ने हुन सक्छ । परिस्थिति जन्य वाध्यताले उल्लेखित तालिमहरुमध्ये कुनै तालिम सच्चालन नहुन पनि सक्नेछन् ।
- प्लान इन्टरनेशलन नेपालको प्रायोजित परिवार वाट दलित, जनजाति, पछाडि पेरेको समुदाय, अपाङ्गता भएको व्यक्ति तथा परिवारलाई प्राथामिकतामा राखिने छ ।
- अन्तिम नामावलीमा छनौटमा परेका सहभागीलाई सीपमूलक तालिमको लागि कुनै तालिम शूल्क लाग्ने छैन
- सीपमूलक तालिमका लागि आवेदन फारम यस साझेदार संस्था जानकी महिला जागरण समाज (JWAS) वाट निशूल्क उपलव्ध गराइने छ र फारम वितरण रोजगार/उद्यमशिलता विकास शाखामार्फत हुनेछ ।
- तालिमका लागि छनौट हुने सहभागीको अन्तिम नामावली छनौट र प्रकाशन पालिकाको रोजगार/उद्यमशिलता विकास शाखामार्फत हुनेछ ।
- अन्य तालिमहरुका लागि ८ कक्षा वा साधारण लेखपढ गर्न सक्ने योग्यता भएको हुने तर जुनियर लेखापालको लागि १२ कक्षा (वाणिज्य विषय) मा उतिर्ण भएको तथा कम्प्युटर सम्वन्धी आधारभुत ज्ञान भएको हुनुपर्नेछ ।

**सम्पर्क गर्ने तथा आवेदन पेश गर्नु पर्ने स्थान:**
सम्पर्क गर्न सकिने व्यक्तिहरु: पालिकाको रोजगार/उद्यमशिलता विकास संयोजक तथा सरिता माझि, सम्पर्क नं ९८२४८४७७८० (JWAS)
आवेदन पेश गर्ने स्थान: शहिदनगर नगरपालिकाको कार्यालय अर्न्तगतको रोजगार/उद्यमशिलता विकास शाखा
दरखास्त मिति ( २०८२/९/२५ देखि २०८२/१०/०४ गत्ते सम्म अन्तिम दिनमा विदा परेमा भोलि पल्ट

..............................
दिनेश प्रसाद यादव
नगर प्रमुख



CamScanner